# प्रेश विज्ञप्ती

युरोपियन लगानी बैंक (EIB) का Vice President Mr. Andrew McDowell तथा माननीय अर्थ मन्त्री डा. युवराज खतिवडा बीच मिति २०७५/०८/०३ (November 19, 2018 ) गते माननीय मन्त्रीज्यूको कार्यकक्षमा भेटबार्ता सम्पन्न भयो। भेटको क्रममा माननीय मन्त्रीज्यूले सन् २०२२ सम्म नेपाललाई अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकको रुपमा स्तरोन्नती गर्ने तथा सन् २०३० सम्म नेपालले Sustainable Development Goals पुरा गर्ने विषय व्यक्त गर्नु भयो। यसैगरी Foreign Direct Investment का सम्बन्धमा नेपालले विदेशी विनिमय सहजीकरण गर्ने तर्फ कारबाही अगाडी बढाएको विषय उँहाले व्यक्त गर्नु भयो। SDG का सन्दर्भमा सामाजिक विकास तथा उर्जाको उत्पादन, प्रशारण र वितरणका विषयमा समेत मन्त्रीज्यूले स्पस्ट गर्दै विद्युत प्राधिकरण तर्फ नियामक निकाय गठन भै सकेको जानकारी गराउनु भयो। कुनै पनि परियोजना सञ्चालनको लागि Land Acquisition तथा Forest Clearance तर्फ नेपाल सरकारले ध्यान दिईरहेको तथा रेल, रेलमार्ग, अन्तरार्ष्ट्रिय विमानास्थल जस्ता पूर्वाधारमा लगानी आवश्यक रहेको साथै पर्यटन क्षेत्रको विकासको लागी नेपाली आकाश खुला रहेको विषय समेत माननीय मन्त्रीज्यूले व्यक्त गर्नुभयो ।

यसैगरी Vice President ले नेपाल र युरोपियन लगानी बैंक बीच असल सम्बन्ध रहेको तथा बैंकको दृष्टिकोणमा नेपाल Priority Country को रुपमा रहेको विषय व्यक्त गर्नुभयो ।उँहाले Climate Change Financing आजको विश्वको ज्वलन्त विषय रहेको उल्लेख गर्दै वातावरणीय सुरक्षा तथा Green Economy तर्फ समेत जोड दिनु भयो । बैंक Hydro Energy, Solar Power, Climate Change Financing, Solid Waste Management, Urban Transport तथा अन्य पूर्वाधार जस्ता क्षेत्रमा लगानी गर्न ईच्छुक रहेको विषय व्यक्त गर्नु भयो । नेपालले परियोजनाहरु तयार गरी बैंकलाई प्रदान गरेमा बैंक लगानी गर्न तयार रहेको उल्लेख गर्दै वातावरणीय सुरक्षाको लागि विद्युतीय सवारी साधन सञ्चालन गर्ने विषयमा जोड दिनुभयो। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानास्थल भैरहवादेखी लुम्विनी सम्म विद्युतीय सवारी साधन सञ्चालन गर्ने विषयमा समेत उँहाले चासो व्यक्त गर्नु भयो । नेपालको विकासको लागि बैंक अन्य विकास साझेदारहरुसँग मिलेर पनि अगाडी बढ्न तयार रहेको विषय व्यक्त गर्नु भयो ।बैठक सौहार्दरुपमा सम्पन्न भयो ।

**मिति २०७५/०८/०३**
**अर्थ मन्त्रालय, सिंहदरवार ।**